नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
(मालपोत तथा भूमिसुधार शाखा)
बबरमहल, काठमाण्डौ।

फ्याक्स नं. ४२३०५८५
महानिर्देशकः ४२२३०४९
निर्देशक प्रशासनः- ४२२५९८२
निर्देशक योजनाः- ४२२६९८८
क.प्र.शाखाः- ४२६६४९३
आ.प्र.शाखाः- ४२६६४९३
पिए शाखाः- ४२२००२८

पत्र संख्याः- २०७६/०७७/ज.प्र. 11148
चलानी नं. 2034

मितिः- २०७६।१२।०९

विषयः- <u>सूचना सम्वन्धमा ।</u>

श्री भूमिसुधार तथा मालपोत कार्यालय, सबै।
श्री मालपोत कार्यालय, सबै।

भूमि सम्वन्धी (आठौं संशोधन) ऐन, २०२१ को दफा १२ क. मा हदवन्दी छुटलाई नियमन गर्ने सम्वन्धी विशेष व्यवस्थामा "यो दफा प्रारम्भ हुँदाका वखत निरन्तर संचालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान वा संस्था संचालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदबन्दीभन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरीद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र एकपटकको लागि हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ" भन्ने व्यवस्था रहेकोले उक्त प्रयोजनको लागि मिति २०७६।१२।०६ मा गोरखापत्रमा प्रकाशित सूचनाको प्रतिलिपि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ भनी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय जग्गा प्रशासन शाखाको प.सं.२०७६/०७७ (ज.टि.३१६४)३८१ च.नं.१३५४ मिति २०७६।१२।०६ गतेको पत्रबाट लेखि आएकोले उक्त गोरखापत्रमा प्रकाशित सूचनाको फोटोकपी यसैसाथ संलग्न गरी तहाँ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

<u>बोधार्थ</u>
श्री भू-सूचना तथा प्रविधि शाखा- *उक्त सूचना Web site मा upload गरिदिनुहुन ।*

(कृष्ण प्रसाद जोशी)
शाखा अधिकृत

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

भूमि सम्बन्धी (आठौं संशोधन) ऐन, २०२१ को दफा १२ क. मा हदबन्दी छुटलाई नियमन गर्ने सम्बन्धी विशेष व्यवस्थामा "यो दफा प्रारम्भ हुँदाका वखत निरन्तर संचालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था संचालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदबन्दीभन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरीद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र एकपटकको लागि हदवन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ" भन्ने व्यवस्था रहेकोले उक्त प्रयोजनको लागि ऐन प्रारम्भ भएको मिति २०७६।१०।२८ देखि तीन महिनाभित्र तपसिल बमोजिमका कागज प्रमाणहरु संलग्न राखी यस मन्त्रालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

(क) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा दर्ता गरिएको प्रमाणपत्र र नवीकरण पत्रको प्रमाणित प्रतिलिपी,

(ख) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ग) स्वीकृति नलिई खरिद गरिएको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपी,

(घ) नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायसँग कुनै सम्झौता गरेको भए सो सम्झौताको प्रमाणित प्रतिलिपी,

(ङ) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको संस्थापक तथा संचालकको नाम, स्थायी ठेगाना, हाल बसोबास गरेको स्थान खुल्ने कागजातको प्रमाणित प्रतिलिपी,

(च) खरिद गर्नु पूर्व स्वीकृति लिन नसक्नुको मनासिव कारण,

(छ) जग्गा खरिद गरी लिनुको प्रयोजन र सोको उपयोग सम्बन्धमा तयार गरिएको कम्तीमा पाँच वर्षे व्यवसायिक योजना,

(ज) सम्बन्धित उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको संक्षिप्त विवरण (प्रोफाईल),

(झ) कम्तीमा पछिल्लो तीन वर्षको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(ञ) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था दर्ता गर्ने निकायको सिफारिस,

(ट) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था संचालनमा रहेको छ भन्ने स्थानीय तहको सिफारिस र

(ठ) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था आर्थिक वा प्राविधिक कारणले संचालन हुन सक्ने भन्ने व्यहोरा खुल्ने कागजात।